**लुइस आर्वर**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त**
**प्रेस वक्तव्य**
**२०६३ माघ १०**
**काठमाडौं, नेपाल**

---

नेपालको मेरो ६-दिने भ्रमणको क्रममा मैले नेपाली समाजका विभिन्न मानिससँग भेटें । मसँग जसले यति खुलेर आफ्ना सरोकार र चाहनाहरू दुबै व्यक्त गरेका छन् म ती प्रत्येकलाई धन्यवाद दिन चाहन्छु । नेपालका जनताका लागि यो महान अवसर र आशाको समय हो । यो नयाँ युगबाट माानवअधिकारको संरक्षण र प्रबर्द्धनमा व्यापक, ठोस सुधार आउनुपर्दछ भन्ने एकनासका र सशक्त सन्देश सुन्न पाउनु धैरै उत्साहप्रद कुरा हो ।

म नेपाल सरकारलाई यसको न्यानो स्वागतका लागि धन्यवाद दिन चाहन्छु । नेपालमा उच्चायुक्तको कार्यालयको आवश्यकता सरकारले स्वीकार्नु आगामी चुनौतीहरूको बुझाइको एउटा महत्वपूर्ण लक्षण हो । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्ने दलहरू शान्ति प्रक्रियाको सफलताको लागि मानवअधिकारको संरक्षण र प्रबर्द्धनको केन्द्रमा राख्न प्रतिबद्ध भएकोमा तिनलाई यसको श्रेय जान्छ । ती प्रतिबद्धताहरू वास्तविक भएको प्रमाण हामीले अब देख्न पाउनुपर्छ ।

मेरो भ्रमणको क्रममा, मैले दुइवटा प्रमुख मुद्दामा ध्यान केन्द्रित गरेकी छु । पहिलो दण्डहीनताको अन्त्य गर्ने आवश्यकता हो । नेपालका जनताले अति व्यापकरूपमा हत्या, यातना, बेपत्ता पारिनु तथा अन्य जघन्य उल्लङ्घनहरू सहेका छन् । साथै, द्वन्द्व घट्दै जाँदा भेदभावसम्बन्धी मुद्दाहरू सम्बोधन गरिनुपर्ने प्रमुख कारणात्मक तत्वको रूपमा उब्जिरहेका छन् । यी दुबैलाई समाधान गर्नु दिगो शान्ति निर्माणका लागि अत्यन्त आवश्यक छन् ।

शान्तितर्फको सङ्क्रमणकालमा, विगतका दुर्व्यवहारको छानबिन गर्नाले कमजोर शान्ति प्रक्रियालाई खतरामा पुऱ्याउने छ भन्ने चेतावनी सुन्नु सामान्य हो । यो असत्य हो । टिकाउ शान्ति न्यायको जग तथा यसले ल्याउने मानवअधिकारको संरक्षणको प्रत्याभूतिमा निर्माण भएको हुन्छ । भविष्यमा मानवअधिकार उल्लङ्घनहरू हुन नदिन तथा हिंसा स्वीकार्य छैन र कानुनभन्दा माथि कोही पनि हुँदैन भनी मान्ने समाजको निर्माण गर्न दण्डहीनताको अन्त्य गर्ने कार्य एउटा अत्यावश्यक कदम हो ।

मैना सुनुवारको मुद्दाले न्याय हासिल गर्न मानवअधिकार उल्लङ्घनका पीडितहरू तथा तिनका आफन्तहरूले गरेको सङ्घर्षलाई प्रतिनिधित्व गर्न पुगेको छ । गृहमन्त्री तथा प्रधानसेनापति दुबैले यो मुद्दामा न्याय गरिएको हेर्न आफ्ना प्रतिबद्धताहरूको आश्वासन दिनुभएकोमा म उत्साहित छु । जिम्मेवारहरूलाई जवाफदेही बनाउन उनको मृत्युको परिस्थितिलाई स्पष्ट पार्न नेपाली सेनाको पूर्ण सहयोगसहित पूर्ण प्रहरी छानबिन सुरु गर्न आदेश दिइनेछ भन्ने मलाई जानकारी दिइयो । मेरो नेपालस्थित कार्यालयमार्फत् विकासक्रहरूलाई म अत्यन्त नजिकबाट हेरिरहने छु । यो मुद्दामा तत्काल सकारात्मक प्रगति देखिने अपेक्षा गर्दछु ।

मेरो भ्रमणको क्रममा मैले मानवअधिकार दुर्व्यवहारका धेरै पीडितसँग भेट गरेकी छु । बर्दीया जिल्लास्थित बैदि गाउँका थारू परिवारहरू - जसका आफन्त द्वन्द्वको क्रममा बेपत्ता भए - ले दिएका बयानहरूको विर्सन नसकिने सम्झना म आफूसँग लिएर जानेछु । म तिनका कथाहरूलाई विश्वास गर्दछु ।

बेपत्ता पारिने कार्य भइरहेका मानवअधिकार उल्लङ्घन हुन् भन्ने तथ्य तिनले व्यक्त गरेका व्यथाको प्रमाण हो । शान्ति प्रक्रियामा हस्ताक्षर गर्ने दलहरूले बेपत्ता भएका सबै कहाँ छन् भन्ने वा तिनको भाग्यस्थिति स्पष्ट गर्न, र तिनका परिवारहरूलाई न्याय र क्षतिपूर्ति दिलाउन अविलम्ब कार्य गर्नुपर्दछ ।

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org**

मेरो भ्रमणको अवधिमा लहानमा उब्जिएका घटनाहरू, जसमा कम्तीमा पाँच व्यक्तिको मृत्यु हुनाका साथै अन्य धेरै घाइते भएका छन्, लाई म अत्यन्त चिन्ताका साथ अध्ययन गरिरहेकी छु । यी घटनामा संलग्न सबै पक्षले शान्तिपूर्ण सम्वादको परिस्थिति सिर्जना गर्न एक कदम पछाडि हट्न नितान्त आवश्यक छ । यी परिस्थितिमा कुनै मृत्यु वा घाइते एवं भएको सम्पत्तिको क्षतिबारे तत्काल र विश्वासनीय छानबिन पर्दछन् ।
सामान्य रूपमा भन्ने हो भने, मानवअधिकारको पूर्ण सम्मानसहित व्यवसायिक किसिमले आफ्नो कार्य गर्न सक्ने गरी प्रहरी बललाई बलियो बनाउनु जरुरी आवश्यकता छ । मैले हिजो पहाडि जिल्ला सिन्धुपाल्चोकमा एउटा प्रहरी चौकीको भ्रमण गरें । सो भ्रमणले कानुन कार्यान्वयनलाई बलियो बनाउनका लागि केही चुनौतीहरूलाई प्रष्ट देखायो । प्रहरी चौकी पुनर्स्थापना गर्ने कार्य केवल प्रहरी पुनः तैनाथ गर्ने होइन । उदाहरणार्थ, ३,५००,०० जनसङ्ख्या भएको क्षेत्र समेट्न मैले हिजो भेटेका प्रहरी अधिकारीहरूलाई एउटा कारमात्र उपलब्ध गराइएको थियो । आधारशिला, स्रोतहरू, प्रशिक्षण तथा विश्वास-निर्माण पनि आवश्यक थिए । केही ठाउँमा चौकीको पुनर्स्थापनामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)द्वारा थप बाधा पुऱ्याइरहेकोमा म चिन्तित रहेकी छु । यस्ता व्यवधानहरूको तुरुन्त अन्त्य हुनुपर्दछ ।

मैले देशका अन्य भाग विशेषगरी तराईमा भएका तनावबारेका रिपोर्टहरू पनि सुनेकी छु । मधेशी समुदाय जसको पहिचान र समानता खोज्ने कार्य जारी छ तिनमा निराशा उब्जाउने कारणहरू छन् भन्ने मैले बुझेकी छु । नेपालमा परम्परागत रूपले सीमान्तकृत सबै समुदायले अहिले भइरहेको ऐतिहासिक राजनीतिक प्रक्रियामा सहभागी हुन पाउनु तथा तिनका आवाजहरू संविधान सभाको प्रक्रियाको अङ्ग हुनु अत्यावश्यक छ । प्रष्टै छ म यसमा दलित र समुदायलाई समावेश गर्दछु, तर प्रत्येक समुदायभित्र ती व्यक्ति पनि छन् जसले दोहोरो भेदभाव खेपेका छन्, चाहे ती माहिला, विकलाङ्ग, यौन अल्पसङ्ख्यक र अन्य जोसुकै होओन् ।

त्यो प्रक्रिया सफल हुने हो भने नेपालमा सबैभन्दा सीमान्तकृत मानिसहरूलाई राजनीतिक प्रक्रियाको अङ्ग हुन पाउने अवसर हुनुपर्दछ । म सबै नेपाली जनतालाई आफ्ना चाहनाहरू पूरा गर्ने क्रममा शान्तिपूर्ण, लोकतान्त्रिक तरिकाले कार्य गर्न आग्रह गर्दछु । यस सम्बन्धमा राजनीतिक र सामुदायिक नेताहरूको ठूलो उत्तरदायित्व हुन्छ ।

लोकतन्त्र एउटा विकसित भइरहने कार्य हो, जसलाई प्रशस्त राजनीतिक इच्छाको आवश्यकता हुन्छ । संविधान सभाको निर्वाचन र नयाँ संविधान मसौदा गर्ने प्रक्रिया अझ सहभागितामूलक, समावेशी र समतामूलक समाजको सिर्जना गर्नेतर्फको मुख्य पहल हो । तर, अझ प्रभावकारी लोकतन्त्रको सङ्घर्ष भने नयाँ संविधान लेखिइसकेपछि पनि धेरै वर्षसम्म रहनुपर्दछ ।

अन्त्यमा, म नेपाली मानवअधिकार रक्षकहरूको साहस र कार्यलाई उल्लेख गर्न चाहन्छु । सशक्त र साहसी राष्ट्रिय मानवअधिकार आन्दोलनको उपस्थितिले नै उच्चायुक्तको कार्यालयलाई नेपालमा स्थापित हुन तथा प्रभावकारी ढङ्गले कार्य गर्न सक्षम तुल्यायो । हामी उनीहरूको समर्थन र सहयोगले मात्र आफ्नो कार्य गर्न सक्दछौं ।

नेपाली जनताले आउँदो हौसलापूर्ण, चुनौतीपूर्ण तथा ऐतिहासिक समयमा नेपालमा मानवअधिकार राजनीतिक विकासको अग्रभागमा रहोस् भन्ने कुरामा जोड दिइरहनेछन् भन्ने कुरामा म विश्वस्त छु । उल्लेखनीय काम गरिरहेका नेपालस्थित मेरा सहकर्मीहरूका साथ, मानवअधिकार पूर्ण रूपमा विद्यमान होस् भन्ने सुनिश्चित गर्ने कार्यमा सघाउन हामी उनीहरूसँग मिलेर गर्ने कार्यलाई जारी राख्नेछौं ।

धन्यवाद ।